# भूमिकास्थान नगरपालिका
## नगरकार्यपालिकाको कार्यालय
## कृषि विकास शाखा

प.सं.०८०/०८१ नुवाकोट,अर्घाखाँची

च.नं. लुम्विनि प्रदेश,नेपाल मिति: २०८०/११/१०

## मकैको उन्नत वीउ माग तथा सप्लाई सम्वन्धि प्रस्ताव आवह्लान सूचना !!!

आ.व. २०८०/८१ मा भूमिकास्थान नगरपालिका कृषि विकास शाखा शसर्त बजेटबाट तपशीलका क्षेत्रहरुमा ५० प्रतिशत लागत साझेदारीमा **''खाद्यन्न बालीको उन्नत बीउ उपयोगमा अनुदान ( मकै) बीउ माग/सप्लाई कार्यक्रम''** संचालन गर्नुपर्ने भएकोले इच्छुक कृषक /कृषक समूह/सहकारी/कृषि फार्महरुले आवश्यक कागजात सहित यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र अर्थात **(**मिति २०८०/११/१६ भित्र**)** माग गर्ने कृषकहरुले सम्वन्धित वडा कार्यालयमा र सप्लाई गर्ने समुह/सहकारीले भूमिकास्थान नगरपालिकाको कृषि विकास शाखामा तोकिएको ढाँचा अनुसार आवेदन दर्ता गर्नुहुन सम्वन्धित सवैमा जानकारी गराइन्छ।सम्वन्धित वडाले मिति २०८०/११/१७ भित्र नगरपालिकामा पेश गर्नुपर्नेछ । रित नपुगेका र म्याद नाघिसके पछि प्राप्त आवेदन उपर कारवाही नहुने व्यहोरा अनुरोध छ ।

कार्यक्रमहरु र कार्यक्रम छनोटका आधारहरु :

| कार्यक्रमको नाम | वाली | जात | बाली लगाउने /बीउ उत्पादन क्षेत्रफल रोपनि | बीउ माग / सप्लाई परिमाण के.जी. | कैफियत |
|---|---|---|---|---|---|
| खाद्यन्न बालीको उन्नत बीउ उपयोगमा अनुदान ( मकै)बीउ माग कार्यक्रम | मकै | मनकामना-३, अरुण-२ र रामपुर कम्पोजिट | | | मकै बीउ आवश्यक पर्ने कृषकले माग गर्ने । |
| खाद्यन्न बालीको उन्नत बीउ उपयोगमा अनुदान ( मकै)बीउ सप्लाई कार्यक्रम | मकै | मनकामना-३, अरुण-२ र रामपुर कम्पोजिट | | | मकैको उन्नत बीउ उत्पादक कृषक/ कृषक समुह/ कृषि सहकारी र कृषि फार्महरु जसले बीउ सप्लाई गर्न /उपलब्ध गराउन सक्ने परिमाण र दररेट प्रयोगशाला प्रतिवेदन समेत गोप्य सिलबन्दी कोटेशन पेश गर्नु पर्ने । |

निवेदन साथ पेश गर्नुपर्ने कागजातहरु:

१. निवेदन ।
२. सम्वन्धित निकायमा कृषि समूह/ कृषि सकहारी/संस्था/समिति/कृषि फर्म दर्ता तथा नविकरण भएको प्रमाणप्रत्रको प्रतिलिपि ।
३. कार्यक्रम संचालनहुने स्थान(जग्गा/जमिन)को स्वामित्व खुल्ने कागजात वा भाडाको जग्गा भएमा कम्तिमा ५ वर्षको सम्झौता-पत्र ।
४. निवेदकको नागरिकता वा परिचय खुल्ने प्रमाणपत्रको प्रतिलिपी ।
५. कार्य समितिको निर्णयको प्रतिलिपी ।
६. स्थायी लेखा प्रमाण पत्रको प्रतिलिपि र कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी ।
७. सम्वन्धित वडा कार्यालयको सिफारिस पत्र ।

राम बहादुर थापा
कृषि अधिकृत

खिमानन्द आचार्य
प्रमुख प्रशासकीय अधिकृत

खिमानन्द आचार्य
प्रमुख प्रशासकीय अधिकृत